बागमती प्रदेश सरकार

उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय

## उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर

# प्रविधि हस्तान्तरणका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८१/११/११**

यस उद्योग तथा वाणिज्य कार्यालय ललितपुरको आ.व २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण (उद्यमिको ५० प्रतिशत लगानी साझेदारी) मा ४०,००,०००।-, गोदावरी न.पा.का धुलो साबुन बनाउने उद्योगहरू लाई प्रविधि हस्तान्तरण कार्यक्रममा रु ५,००,०००।- बजेट विनियोजन भएको छ। उल्लेखित कार्यक्रमहरू अन्तर्गत जिल्लास्थित लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि उद्यमीको ५० प्रतिशत लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यविधि २०७९ को अधिनमा रही उपयुक्त प्रविधि (मेसिन, औजार, उपकरण) हस्तान्तरण गर्ने कार्यक्रम रहेकोले यो सूचना प्रकाशन भएको १५ दिनभित्र (मिति २०८१/११/२६ गते) कार्यालय समयभित्र आवश्यक कागजातसहित यस कार्यालयमा रितपूर्वक निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स | कार्यक्रमको नाम | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण (उद्यमीको ५० प्रतिशत साझेदारीमा) | ▸ उद्योग दर्ता/ नवीकरण प्रमाणपत्रको प्रतिलिपी<br>▸ नागरिकताको प्रतिलिपी<br>▸ प्यान दर्ता र अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी<br>▸ अनुभव तथा तालिमका प्रमाणपत्रहरूको प्रतिलिपी<br>▸ माग गरेको मेसिन उपकरणहरूको स्पेसिफिकेशनसहित प्रचलित बजार मूल्य खुल्ने कागजात।<br>▸ समावेशी समुह भए प्रमाणपत्रको प्रतिलिपी २ प्रति पासपोर्ट साईजको फोटो<br>▸ यस अघि अनुदान प्राप्त नगरेको कबुलनामा। |

**पुनश्च :**

- दरखास्त फारम, व्यावसायिक योजना र कबुलनामाको ढाँचा यस कार्यालयबाट वा फेसबुक पेज, "उद्योग तथा वाणिज्य कार्यालय ललितपुर" बाट डाउनलोड गर्न सकिनेछ।
- म्याद नाघी वा रीत नपुगी पेश भएका निवेदन उपर कुनै कारवाही गरिने छैन।
- उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारी तथा स्थलगत निरीक्षणको आधारमा बागमती प्रदेशको प्रविधि हस्तान्तरण कार्यविधि २०७९ (संशोधन भएमा सोही अनुसार) बमोजिम प्रविधि हस्तान्तरण गरिनेछ।
- आवेदन माग भएको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।
- थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०१-५५२३४५२, ०१-५५२१५०२
  ईमेल : csiolalitpur@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ।